"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र

सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ५) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, आषाढ २५ गते २०८० साल (संख्या०४

## भाग १

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०८० सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०४

सिरीजङ्घा राजपत्र

# सिरीजङ्घा गाउँपालिकाको होमस्टे सञ्चालन सम्वन्धी कार्यविधि, २०८०

**प्रमाणीकरण मितिः २०८०।०३।२४**

प्रस्तावना: सिरीजङ्घा गाउँपालिकाका क्षेत्र भित्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सृजना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जिवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने ग्रामिण पर्यटनको माध्यमबाट विपन्न महिला, आदिवासी जनजाती र हालसम्म समेट्न नसकेको समूहको समेत संलग्नता हुने गरी पर्यटन नीति, २०६५ अनुसार नेपालको ग्रामिण भेगमा होमस्टेको माध्यमबाट पर्यटनको विकास, प्रवर्द्धन, व्यवस्थापन र नियमन गर्न होमस्टे कार्यविधि जारी गर्न आवश्यक भएकोले **सिरीजङ्घा गाउँपालिकाले देहाय बमोजिमको होमस्टे सञ्चालन कार्यविधि, २०८०** बनाइ जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः(१)** यस कार्यविधिको नाम सिरीजङ्घा गाउँपालिकाको होमस्टे सञ्चालन कार्यविधि २०८० रहेको छ।

(२)यो कार्यविधि सिरीजङ्घा गाउँपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) गाउँपालिका भन्नाले सिरीजङ्घा गाउँपालिका सम्झनुपर्दछ।

(ख) होमस्टे भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर समुदायमा निजि वा सामुहिक रुपमा सञ्चालन गरिएको सेवा सम्झनुपर्दछ।

(ग) शाखा भन्नाले सिरीजङ्घा गाउँपालिकाको आर्थिक विकास शाखा सम्झनु पर्छ।

(घ) होमस्टे व्यवस्थापन समिति भन्नाले दफा ७ को उपदफा १ बमोजिम गठन भएको समिति सम्झनुपर्दछ।

(ङ) होमस्टे इकाई भन्नाले होमस्टे संचालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेको घर सम्झनुपर्दछ।

**३. उद्देश्यः** होमस्टे सञ्चालनका मुख्य उद्धेश्य देहाय बमोजिमका हुनेछनः-

(क) पर्यटन क्षेत्रको प्रतिफल ग्रामिण समुदायमा पुऱ्याउने,

(ख) ग्रामिण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागी गराउने,

(ग) ग्रामिण समुदायको आयस्रोत वृद्धि गरी जिवनस्तर वृद्धि गर्ने,

(घ) ग्रामिण तथा स्थानीय स्तरमा स्वरोजगार विकासको माध्यमको रुपमा उपयोग गर्ने,

(ङ) पर्यटकलाई ग्रामिण जनजिवन साथै संस्कृतिका वारेमा जानकारी दिने,

(च) होमस्टे आवास सुविधा मात्र नभै पर्यटकलाई रितिरिवाज, कला, संस्कृति र रहनसहनको साथै उत्कृष्ठ अनुभव हासिल गर्ने मौका प्रदान गर्ने,

(छ) पर्यटकलाई हिमाली तथा पहाडी जनजिवन प्राकृतिक छटाहरु, पर्यावरणको जानकारी दिने।

**४. होमस्टेको वर्गिकरणः** अनूसूची १ मा उल्लेखित मापदण्ड पूरा गरी अलग/अलग स्वामित्व भएका कम्तिमा पाँचवटा घरधनीले सामूहिक व्यवस्थापन गरी संचालन गरेको होमस्टेलाई सामूदायिक ग्रामिण होमस्टे तथा ग्रामिण क्षेत्रमा निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टेको रुपमा वर्गिकरण गरिएको छ।

**५. पर्यटकिय क्रियाकलापहरुः**

(१) होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक तथा दृश्यवलोकनको कार्यक्रमको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा १ मा लेखिएको वाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नुपर्नेछ।

(क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,

(ख) पर्यटकहरुलाई सामूदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा सांस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मेला, जात्रा जस्ता गतिविधिहरु आयोजना गरि सहभागी गराउने,

(ग) सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलू तथा हस्तकला प्रविधि साम्रगी उत्पादन केन्द्र, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,

(घ) स्थानीय कृषि घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता विच जीवनशैली, कला, संस्कृति आदी विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(ङ) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने।

**६. दर्ताको लागि निवेदन दिनः**

(१) होमस्टे सञ्चालन गर्न चाहाने देहाय बमोजिमका कागजात सहित अनुसूची २ बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछः-

(क) सामूदायिक होमस्टेको हकमा कम्तिमा पाँचजना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता सहित वडा कार्यालयको सिफारिस र निजी होमस्टेको हकमा वडा कार्यालयको सिफारिस,

(ख) जग्गा धनी प्रमाणको प्रतिलिपी वा भाडामा लिएको भएमा सम्झौताको प्रमाणित प्रतिलिपी साथै अग्रिम घर जग्गा वहाल कर तिरेको प्रमाण

(ग) सञ्चालकको नागरिकताको प्रमाणपत्र

(घ) वातावरणीय रुपले हानी नोकसानी नहुने भनी जग्गाको चारकिल्ले मुजुल्का

(२) उपदफा १ बमोजिमको निवेदन परेमा कार्यालयले सम्बन्धित वडा कार्यालय, गाउँपालिका होमस्टे समन्वय समिति सहितको टोलीले अनुसूची १ बमोजिमको मापदण्ड पूरा भए/नभएको निरिक्षण गरि प्रतिवेदन दिनुपर्नेछ।

(३) उपदफा २ बमोजिमको निरिक्षणबाट अनुसूची १ बमोजिमको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा गाउँपालिकाले प्रत्येक होमस्टेलाई एकाईको रुपमा रु पाँच हजार शुल्क लिइ दर्ता गरी अनुसूची ३ बमोजिमको ढाँचामा होमस्टे दर्ता प्रमाणपत्र दिनेछ।

(४) मापदण्ड पूरा नभएको हकमा आवश्यक सुधार गर्न समय दिइनेछ र पुनः स्थलगत निरिक्षण गरिनेछ।

**७. होमस्टे व्यवस्थापन तथा सञ्चालनः**

(१) सामुदायिक होमस्टे सञ्चालन गर्न चाहाने सञ्चालकहरुले साधारण भेला गरी देहाय बमोजिमको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछः-

(क) समुदायका सदस्यहरुबाट एकजनाः अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट महिला एक जनाः उपाध्यक्ष

(ग) समुदायका सदस्यहरुबाट एक जनाः कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरुबाट महिला सदस्यः सदस्य

(ङ) समुदायका सदस्यहरुबाट एकजना सदस्यः सदस्य सचिव

(२) होमस्टेमा सहभागी हुने घर संख्याका आधारमा समावेशी हुने गरी समुदायले थप ६ जना सम्म सदस्यको चयन गर्न सक्नेछ।

(३) होमस्टे व्यवस्थापन समितीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) पर्यटकिय क्रियाकलापहरु र पर्यटनहरुले पालना गर्नुपर्ने आचारसंहिताको वारेमा जानकारी गराउने।

(ख) आगन्तुक पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,

(ग) पर्यटकको दर्ता व्यवस्था गर्ने,

(घ)आयव्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(ङ) प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने,

(च) स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचारप्रसार गर्ने,

(छ) स्थानीय वातावरण परामपरा शैली तथा संस्कृतिको संरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रर्दशन र व्यवस्थापन गर्ने,

(झ) पर्यटकहरुको स्वास्थ्यपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने,

(ञ) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने,

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेन्यू निर्धारणमा एकरुपता कायम गर्न तथा सुविधाको दररेट निर्धारण गाउँपालिकाको होमस्टे समन्वय समितिसँगको सहकार्यमा मात्र गर्ने

(ठ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतिस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप आय र व्यय देखिने वार्षिक प्रतिवेदन गाउँपालिकाको कार्यालयमा पठाउने।

(ड) होमस्टेको विकास, प्रवर्द्धन तथा व्यवस्थापनको लागी अन्य आवश्यक कार्यहरु गर्ने,

(ढ) गाउँपालिका स्थीत होमस्टे समन्वय समिति सँग नियमित सम्पर्क र सञ्चार गर्ने,

(ण) अनूसूची ४ बमोजिमको सूचना पर्यटकहरुले देख्ने स्थानमा राख्नु पर्ने,

(त) होमस्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागी अन्य आवश्यक कार्यहरु गर्ने,

८. **गाउँपालिका होमस्टे समन्वय समितिः**(१) गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत, दुई जना कार्यपालिकाको सदस्य, सामान्य प्रशासन शाखा प्रमुख, पूर्वाधार विकास शाखा प्रमुख, आर्थिक विकास शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुखको प्रतिनिधित्व रहने गरी गाउँपालिकामा होंमस्टे समन्वय समिति गठन हुनेछ।

(२) गाउँपालिकाको होमस्टे व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

(क) गाउँपालिका स्थीत होमस्टे व्यवस्थापन समितिहरु विच समन्वय र सहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ग) पर्यटकलाई स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

(च) वाटो, पदयात्रामार्ग, भ्यूटावर, खानेपानी, स्वास्थ्य चौकी जस्ता साना पूर्वाधारहरु वनाउने वा वनाउन सम्बन्धीत गाउँपालिकालाई सहयोग गर्ने,

९. **अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्थाः**

(१) सिरीजङ्घा गाउँपालिकाको कार्यालयले आवश्यकता अनुसार समय समयमा होमस्टे व्यवस्थापन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको अनुगमन तथा निरिक्षण गर्नेछ।

(२) उपदफा १ बमोजिमको निरिक्षणको क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई २० दिनको म्याद दिइ मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ।

(३) उपदफा २ बमोजिमको म्याद भित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई गाउँपालिकाको कार्यालयले निलम्बन वा खारेज गर्न सक्नेछ।

१०. **नविकरणः**

(१) प्रत्येक होमस्टेले देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक वर्ष होमस्टे नविकरणको लागी गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(क) विगतको वर्षको आय र व्यय र होमस्टेले प्रदान गरेको र पर्यटकहरुको लगत तथा विवरण,

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन,

(२) उपदफा १ बमोजिम निविकरणको लागी निवेदन पर्ने आएमा कार्यालयले सम्वद्ध होमस्टेको निरिक्षण गरी मापदण्ड पूरा भएकाको हकमा होमस्टेको नविकरण गर्नेछ र पूरा नभएका होमस्टेको नविकरण हुनेछैन।

११. **प्रचारप्रसार तथा वजारीकरणः** होमस्टेको होर्डिङ बोर्ड, साइनवोर्ड, व्रोसियर, पोष्टर, सिडी जस्ता प्रसारप्रचारका साम्रगीहरुको उत्पादन, वेवसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव मेला महोत्सव, गैरआवासिय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्राकारहरुलाई परिचयात्मक भम्रण प्याकेजको निर्माण तथा विक्रि प्रवर्द्धन जस्ता कारवाही र क्रियाकलाप सिरीजङ्घा गाउँपालिकाले विभिन्न ऐजेन्सीहरु सँगको सहकार्य गरी प्रचारप्रसार गर्नेछ।

१२. **विविधः**

(१) प्रसिद्ध धार्मिक तिर्थस्थलमा दर्शनको लागी आउने दर्शनार्थी तथा तिर्थालुहरुको वसोबास र खानपिनको वन्दोवस्त मिलाउन होमस्टे सञ्चालनको लागी स्थानीय समूदाय समेतको सहभागीतामा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाको अधिनमा रहि सञ्चालन अनुमती दिन सक्नेछ।

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको विमा गराउने जिम्मेवारी सम्बन्धीत ट्राभल ऐजेन्सीको हुनेछ। व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धीत पर्यटकको नै हुनेछ।

(३) होमस्टे संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ।

(४) होमस्टे संचालन लगायत अन्य आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ।

(५) होमस्टे संचालकले स्थानीय मौलिकता प्रर्वद्धन गर्नुपर्नेछ, आधुनिकताको नाममा जथाभावी सांस्कृतिक प्रतिकुल हुने गरी कार्य गर्ने पाइने छैन्।

# अनुसूची-१
## दफा ४ सँग सम्बन्धीत
## होमस्टे सञ्चालनका लागी आधारभूत मापदण्ड

१. होमस्टेका लागी घर, कोठा र शैंयाः

(क) प्रत्येक सामुदायिक होमस्टेका लागी भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर(होमस्टे यूनिट) हुनुपर्नेछ। एक आपसमा सहज पँहुचका लागी वाटोको प्रवन्ध हुनुका साथै घरहरु मौलिक संस्कृती झल्कने र हावाहुरी, जंगली जनावार आदीबाट सुरक्षित हुनुपर्ने तथा खुला र हिलो वा धुलो रहित सफासुग्घर हुनुपर्ने छ।

(ख) होमस्टेमा पाहुनाको लागी कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्ने छ।

(ग) निजी होमस्टेमा पर्यटकको लागी कम्तीमा ४ वटा कोठा र ८ वेड अनिवार्य हुनुपर्नेछ।

(घ) एउटा कोठामा वढीमा दुई वटामात्र ओछ्यान रहनुपर्नेछ। ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ।

(ङ) भुईमा कार्पेट वा राडी वा गलैंचा वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ।

(च) ढोकामा खुट्टा पुछने वोरा वा डोरम्याट हुनुपर्नेछ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएको ओड्नेको व्यवस्था हुनुपर्नेछ।

(ज) भित्तामा वा ढोकाको पछाडी लुगा झुन्डाउने व्यवस्था भएको हुनुपर्नेछ।

(झ) कोठामा विजुली वत्ति वा लालटिन वा मैन वा टुकी पानस वाल्ने व्यवस्था हुनुपर्नेछ।

(ञ) सुत्ने कोठामा धुँवा आउनु हुदैंन। भान्सा र भर्याङ कोठा पर्यटक सुताउन प्रयोग गर्नुहुदैंन।

(ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुने।

(ठ) फोहोर फाल्ने एउटा डस्टविनको व्यवस्था हुनुपर्नेछ।

(ड) प्रत्येक पाहुनाको लागी एकजोर चप्पल र टावलको व्यवस्था भएको हुनुपर्नेछ।

(ढ) भित्तामा एउटा अर्धकद देखिने ऐना झुन्डाएको हुनुपर्नेछ।

(ण) कोठामा एउटा चिया टेवलको व्यवस्था भएको हुनुपर्नेछ।

२. शौचालय र स्नानघरः

(क) सुविधायुक्त र सफा शौचालय हुनुपर्नेछ।

(ख) होमस्टे सञ्चालन गर्ने घर वा समुदायमा नुहाउने प्रवन्ध सुविधायुक्त र सफा हुनुपर्नेछ।

(ग) स्नानघरमा पानीको वाल्टी, मग, सावुन, रुमाल आदी आधारभूत वस्तुहरु हुनुपर्नेछ।

३. भान्छा कोठा र खाना खाने व्यवस्थाः

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई भैषी अथवा भेडावाखा, सुँगुर, कुखुरा आदी बाँध्न वा पाल्न नहुने।

(ख) धेरै धुवाँ नहुने भान्सा (सुधारिएको वा उन्नत चुलो भएको),

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने।

(घ) स्थानीय खानाको परिकारहरु स्वास्थ्यकर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने।

(ङ) नेपालीहरुलाई राम्रोसँग पँलेटी कसेर वसेर खान मिल्ने ठाउँ हुनुपर्नेछ।

(च) विदेशीलाई सानो डाइनिङ टेवलको पनि प्रवन्ध भए राम्रो हुने।

(छ) खानपिन विवरण र मुल्य निर्धारण भएको मेनुको व्यवस्था हुनुपर्नेछ दर रेट भन्दा वढी शुल्क लिन पाइनेछैन।

४. स्वास्थ्य, सरसफाई र सुरक्षाः

(क) मुसा, लामखुट्टे, उडुस, उपिँया आदीबाट सुरक्षित हुनुपर्ने, दुर्गन्ध वा गाईभैषीको गोठबाट टाढाहुनुपर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुला नाली र ढल हुन नहुने।

(ख) वातावरणमैत्री पर्यटन क्रियाकलाप, पर्यटकिय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, वृक्षारोपण र हरियाली हुनुपर्नेछ।

# अनुसूची -२
## (दफा ६(१) सँग सम्बन्धीत)
## होमस्टे दर्ताका लागी दिइने निवेदन

श्री ..............................................कार्यालय,

.........................................................।

बिषयः होमस्टे दर्ता गरिपाउँ।

म/हामीहरुले ताप्लेजुङ जिल्ला सिरीजङ्घा गाउँपालिका..................नं वडा ,............................टोलको ..................................................गाउँमा सञ्चालन गर्न लागेको .........................................................................होमस्टेलाई सिरीजङ्घा गाउँपालिकाको होमस्टे सञ्चालन कार्यविधि २०८० बमोजिम साममूदायिक/निजि होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन पेश गर्दछौं।

होमस्टे सञ्चालन कार्यविधि, २०८० को अधिनमा रहि आफ्नो होमस्टे सञ्चालन गर्नेछौं।

संलग्न काजजातहरुः

१. होमस्टे सञ्चालन गर्ने निवेदकको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
२. होमस्टे सञ्चालन गर्ने संचालकको घरधनीको जग्गा धनीपुर्जाको प्रतिलिपी वा घरजग्गा लिजमा भए लिजको प्रमाणित प्रतिलिपी र समझौता बमोजिमको घरधनीले वहालकर वुझाएको प्रमाण।
३. सामुदायिक होमस्टेको हकमा प्रत्येक घरधनीले होमस्टे संचालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन समितको निर्णयको प्रतिलिपी
४. व्यवस्थापन समिति गठन तथा दर्ता सम्बन्धी स्थानीय भेलाको निर्णय
५. सम्बन्धीत वडाको सिफारिस

| संचालकहरुको नाम | ठेगाना | हस्ताक्षर |
|---|---|---|

# अनुसूची-३
## दफा ६(३) सँग सम्बन्धीत
## होमस्टे दर्ता प्रमाणपत्र

"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## तेल्लोक, ताप्लेजुङ, नेपाल।

दर्ता नम्बरः

दर्ता मितिः

........................................................................................ लाई सिरीजङ्घा गाउँपालिकाको होमस्टे सञ्चालन कार्यविधि, २०८० मा व्यवस्था भए बमोजिम सामूदायिक/निजी होमस्टेका रुपमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

**HOME STAY REGISTRATION CERTIFICATE**

**..........................................................................Home stay is registered as community/private homestay under Sirijangha Rural Municiaplity Home stay Procedures 2080 B.S.**

**विवरण:**

१) व्यक्तिको नामथर :

1. Name of the Owner:

२) ठेगाना: 2. Address of the Owner

**शर्तहरु**

१. प्रत्येक आ.व. को असोज मसान्तभित्र नविकरण गरिसक्नु पर्नेछ ।
२. व्यवस्थापन समितिसँग समन्वय गरी पर्यटकहरुलाई बसोवासको व्यवस्था गर्नुपर्नेछ।
३. निर्धारित भएको मुल्य भन्दा वढी मुल्य लिन पाइनेछैन।
४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सवैले देख्ने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखत तुरुन्त देखाउनु पर्दछ ।

प्रमाणित गर्ने

प्रमुख प्रशासकीय अधिकृत

(नोटः यो प्रमाणपत्र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँपालिकाको कार्यालयबाट जारी आदेश, निर्देशन र सुचना पालना गरी जारी गरिएको छ।)

**अनुसूची-४**
**(दफा ७(३) ण सँग सम्बन्धीत)**

# Code of Conduct for the visitors:

The home stay visitors are expected to abide the following points:

1. Do not pressure the owner for food, beverage and facilities not available at home stay.
2. Do not distrub people at home or outside.
3. Donot offer any thing to the people beyond one us capacity.
4. Beware of doing any behavior such as sexual activities, which is impermissible to the local socio-cultural values.
5. Respect to the rites and rituals of the local people for doing immoral or illegal activities. Respect to the household routine fot entrance and exit.
6. Supply and use of narcotics ar any forms of psychotropic drugs at home or outside is strictly prohibited.

Respect to the bio-diversity and ecology of the environment.

आज्ञाले,
श्री स्काइ पोखेल
प्रमुख प्रशासकीय अधिकृत
सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।